**Signature and Name of Invigilator**

1. (Signature) ____________________

   (Name) ____________________

2. (Signature) ____________________

   (Name) ____________________

**OMR Sheet No. :** ..........................................
(To be filled by the Candidate)

**Roll No.** | | | | | | | | |
(In figures as per admission card)

**Roll No.** ____________________
(In words)

**D 3 4 1 5**

# PAPER - III
# NEPALI

**Time : 2½ hours]** **[Maximum Marks : 150**

Number of Pages in this Booklet : **16** Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** ① ② ● ④ where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There are no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी। पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें। खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं। दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें। इसके लिए आपको पाँच मिनट दिये जायेंगे। उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं। आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है।
   **उदाहरण :** ① ② ● ④ जबकि (3) सही उत्तर है।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं। यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिन्हांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें। हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं।**

# NEPALI

# नेपाली

## PAPER - III

## प्रश्नपत्र – III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are **compulsory**.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न **दुई (2)** अङ्कको छ। **सबै** प्रश्न **अनिवार्य** छन्।

**1.** 'भानुभक्त : एक समीक्षा' पुस्तकका लेखक को हुन्?

(1) गणेशलाल सुब्बा। (2) रामकृष्ण शर्मा। (3) हृदयचन्द्रसिंह प्रधान। (4) गुमानसिंह चामलिङ।

**2.** ''नेपालीका दिल-दिल नयाँ ज्योति सल्काइदिन्छु

नौलो आशा नव रस नयाँ चाख पल्काइदिन्छु।''

यस्तो उद्देश्य राखिएको कवितांशका कवि को हुन्?

(1) लक्ष्मीप्रसाद देवकोटा। (2) माधव घिमिरे।

(3) सिद्धिचरण श्रेष्ठ। (4) युद्धप्रसाद मिश्र।

**3.** मूल्य र सम्प्रेषण सिद्धान्तका सन्दर्भमा रिचर्ड्सले 'मन' लाई के भनेका छन्?

(1) एषणा। (2) सिसृक्षा। (3) अभिवृत्ति। (4) आवेग-जाल।

**4.** 'बुइँगल' मा छापिएको 'गोपिनीको घुर्की' कुन कृतिबाट निकालिएको हो?

(1) गेपिकास्तुति। (2) गोपिकास्तुति भाषा। (3) महाभारत कर्णपर्व। (4) श्रीकृष्णचरित्र।

**5.** ''राइ कि आदेस कि। भूमि पसा भै संकल्प करि अक्र्याछु...।'' यस गद्यांशको स्रोत कुन हो?

(1) भारशिव मल्लको 1254 को अभिलेख।

(2) सङ्ग्राम मल्लको 1146 को डुम्राकोट अभिलेख।

(3) अभयमल्लको 1448 को दुल्लुको ताम्रपत्र।

(4) अशोक चल्लको 1312 को प्रशासनिक ताम्रपत्र।

6. सन् 1915 मा 'गोर्खाली' मा प्रकाशित उपन्यास शीर्षक कथाका लेखक को हुन्?

(1) शम्भुप्रसाद ढुङ्गेल। (2) सदाशिव शर्मा।

(3) विज्ञानविलास। (4) राममानसिंह गोर्खा।

7. ''केश् कन्चट् कुहुनू कपाल् र कलिजो काखी करङ् कन्सिरी
कान्यागूजि र कुर्कुचा कटि र कान् कम्मर् र कापा पनि।
कान्छीउम्लि र काँध कुम् पनि भया कण्डो र कोखो समेत्
कन्पारो जियमा कदेखि उठन्या विस्थोक् इनै हुन् बुझ।।''

यस पद्यका कवि को हुन्?

(1) छविलाल नेपाल। (2) भानुभक्त आचार्य। (3) तीर्थप्रसाद आचार्य। (4) लक्ष्मीदत्त पन्त

8. ''नेपाली साहित्यको सुरु गर्जेर भएको हो, रोएर होइन।'' - यो कसको मन्तव्य हो?

(1) शरद्चन्द्र शर्मा। (2) बालचन्द्र शर्मा। (3) कमल दीक्षित। (4) यज्ञराज सत्याल।

9. ''मेरो यौवनमा जरुर मादकता थियो, तर के त्यही मात्र म थिएँ! के मेरो मनको इच्छाको सत्ता थिएन?''

माथिको संवाद कुन उपन्यासको कुन पात्राको हो?

(1) 'नरेन्द्र दाइ' उपन्यासकी मुनरिया। (2) 'अनुराधा' उपन्यासकी अनुराधा।

(3) 'तीन घुम्ती' उपन्यासकी इन्द्रमाया। (4) 'शिरीषको फूल' उपन्यासकी सकमबरी।

10. ''समाजमा रहेका आडम्बर र अन्धविश्वासको आलोचना उनका कथामा पाइन्छ। आफ्नै कमजोरीका कारण महत्त्वाकाङ्क्षाबाट च्यूत बनेका पात्र-पात्राहरूको दयनीय स्थितिको जीवन्त चित्रण उनले गर्नसकेका छन्।''

यस्तो मन्तव्य कुन कथाकारलाई लिएर प्रकट गरिएको हो?

(1) रूपनारायण सिंह। (2) शिवकुमार राई। (3) इन्द्र सुन्दास। (4) इन्द्रबहादुर राई।

11. ''सुन्दर सानो स्वर्ग पहाडी उँचा प्रियतम, सिक्किम देश
तिम्रो हृदय छ फटिक उज्यालो गर्दछ स्वर्णिम ज्योति प्रवेश
जाति अनेकन सबको संगम नेपाली वाणी बोल
उर्लेका नित अनन्त शक्तिले अमृत ध्वनिमा अति अनमोल।''

यस कवितांशका कवि को हुन्?

(1) तुलसी अपतन। (2) हर्कजङ्गसिंह छेत्री। (3) राम अपतन। (4) लक्ष्मीप्रसाद देवकोटा।

12. तलका मध्ये कुन कृति तारानाथ शर्माको होइन ?

(1) नमस्ते।
(2) जमर्काहरू।
(3) भोकाएको कुकुरले के भन्छ।
(4) जीवन छाल।

13. काउकुती, गलबन्दी र इतिश्री शीर्षकका निबन्ध सङ्ग्रहका लेखक को हुन् ?

(1) भैरव अर्याल। (2) अच्छा राई रसिक। (3) केशवराज पिँडाली। (4) रामकुमार पाँडे।

14. तलका समूह – '**क**' का लेखकहरू र समूह – '**ख**' का उपन्यासहरूको सही क्रम मिलाएर चिन्हित गर्नुहोस्।

| | **( क )** | | **( ख )** |
|---|---|---|---|
| (a) | शङ्कर कोइराला | (i) | सबै बिर्सिएका अनुहार |
| (b) | दौलतविक्रम बिष्ट | (ii) | म पिउन अखबारको |
| (c) | परशु प्रधान | (iii) | बैंसको मान्छे |
| (d) | पारिजात | (iv) | चपाइएका अनुहार |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (ii) | (i) | (iv) | (iii) |
| (2) | (ii) | (iv) | (i) | (iii) |
| (3) | (iii) | (iv) | (i) | (ii) |
| (4) | (iv) | (iii) | (ii) | (i) |

15. मराठी भाषामा उपन्यासलाई 'कादम्बरी' भनिन्छ भने गुजराती भाषामा के भनिन्छ ?

(1) नवगल्प। (2) नवीन। (3) नवकथा। (4) विवृति।

16. प्रथमपल्ट मुद्रित रूपमा नेपाली भाषाको प्रयोग कुन ग्रन्थमा भएको हो ?

(1) मेजर ए जी एफ ब्राउनको 'म्यानुअल अफ खस गोर्खाली एन्ड पर्वतीय'।
(2) लेफ्ट एम ई डोपिङको 'खस गुर्खाली ग्रामर एन्ड भोकाबुलेरी'।
(3) जयपृथ्वीबहादुर सिंहको 'प्राकृत व्याकरण'।
(4) जे ए एटनको 'ग्रामर अफ दि नेपालिज् ल्याङ्वेज'।

17. यौनमनोवैज्ञानिक विषयको कथा 'कृष्णदासको भित्ताघडी' का लेखक को हुन् ?

(1) रमेश विकल।
(2) पोषण पाण्डे।
(3) गोविन्दबहादुर मल्ल 'गोठाले'।
(4) प्रेमा शाह।

18. तल समूह **'क'** – का लेखक र समूह **'ख'** – का कृतिहरूको उचित क्रम मिलाएर सही उत्तर चिह्नित गर्नुहोस् :

| | **(क)** | | **(ख)** |
|---|---|---|---|
| (a) | पुष्कर शमसेर | (i) | प्राकृत व्याकरण |
| (b) | गोपाल पाँडे असीम | (ii) | गोरखा व्याकरणबोध |
| (c) | विश्वमणि आ दी | (iii) | नेपाली सजिलो व्याकरण |
| (d) | जयपृथ्वीबहादुर सिंह | (iv) | नेपाली रचना दर्पण |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (iii) | (i) | (iv) | (ii) |
| (2) | (ii) | (iv) | (i) | (iii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (iii) | (iv) | (ii) | (i) |

19. भीमनिधि तिवारीका तल उल्लिखित कृतिमध्ये कुनचाहिँ नाटक होइन ?

(1) नैनीका राम। (2) सत्य हरिश्चन्द्र। (3) पुतली। (4) यशस्वी शव।

20. सिग्मण्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तलाई पुरुषकेन्द्री भनेर आलोचना गर्ने को हुन् ?

(1) एरिक एरिक्सन। (2) एरिक फ्रोम। (3) अब्राहम कार्डिनर। (4) करेन हर्नी।

21. 'सूत्र वाई' कस्तो रचना हो ?

(1) कथा। (2) उपन्यास।

(3) विज्ञानविषयक पुस्तक। (4) निबन्ध।

22. कस्ता रूपलाई सम्पृक्त रूप भनिन्छ ?

(1) एउटै अविभाज्य संरचनाभित्र एकाधिक व्याकरणिक रूप रहेको।

(2) स्वतन्त्र वार्णिक संरचना भएको।

(3) स्वतन्त्र वार्णिक संरचना नभएको तर अर्थचाहिँ भएको।

(4) वार्णिक संरचना भएको तर स्वतन्त्र अर्थचाहिँ नभएको।

23. ''साहित्यको विषय जनता हो, साहित्यको उद्देश्य जनता हो, साहित्यको कसी जनता हो। यसलाई साहित्यिक जनवादको संज्ञा दिन सकिन्छ।''– मार्क्सवादी साहित्य चिन्तनमा यस्तो श्रमजीवी सौन्दर्यवादी धारणा प्रस्तुत गर्ने व्यक्ति को हुन्?

(1) चर्निसेव्स्की। (2) दोब्रोल्युबोभ। (3) प्लेखानोभ। (4) चिङ चाउयाङ।

24. ''चन्द्रमालाई चन्द्रमा हेर्छिन् कौसी र आकाश
स्वर्गको अटाली हाँस्तछिन् यौटी, यौटी छन् उदास।''

(1) तुल्ययोगिता। (2) व्यतिरेक। (3) अर्थान्तरन्यास। (4) अतिशयोक्ति।

25. 'नेपाली उखान-बखानको प्रवाह' (1917 इस्वी)– का सङ्कलक को हुन्?

(1) मोतीराम भट्ट। (2) गङ्गाप्रसाद प्रधान।
(3) महावीरसिंह गडतौला। (4) रामचन्द्र ढुङ्गाना।

26. आई ए रिचर्ड्ले उल्लेख गरेअनुसार कल्पनाका मुख्य कार्यहरू कुन कुन हुन्?

(1) विराट् चाक्षुष विम्बको उत्पादन गर्नु।
(2) आलङ्कारिक भाषाको प्रयोग रोक्नु।
(3) अदृश्य तत्त्व अनि निराकार वस्तु प्रस्तुत गर्नु।
(4) विपरीत अनि विरोधी गुणमाझ सामञ्जस्य स्थापन गर्नु।

27. तलका मध्ये कुनचाहिँ कथन दण्डीको हो?

(1) रीतिको स्वतन्त्र सत्ता छ।
(2) गुण रीतिको मूल आधार हो।
(3) रीति वा मार्गको प्रयोग कविस्वभावअनुसार हुन्छ।
(4) रीति काव्यको आत्मा हो।

28. ''शव, सालिक र सहस्र बुद्ध'' कुन विधाको कृति हो?

(1) कथा। (2) उपन्यास। (3) नाटक। (4) निबन्ध।

29. काव्यमा तनाउलाई प्रधान तत्त्व मान्ने आलोचक को हुन्?

(1) आई ए रिचर्ड्स। (2) क्लिन्थ ब्रुक्स। (3) जोहन क्रो न्यान्सम। (4) एलेन टेट।

**30.** समालोचक अभि सुवेदीले वैरागी काइँलाको कुनचाहिँ कवितालाई ''बुद्धि र शैलीको उच्चाट'' भनेका छन् ?

(1) हाट भर्ने मानिस। (2) हात्ती र अन्धा मान्छेहरू।

(3) ब्रेलमा हत्केला छामेर। (4) पर्वत।

**31.** ''तिब्बती भाषा पनि जानेका जेम्स डनले तिब्बती पौराणिक कथा 'ठिमे कुन्देन' – का आधारमा एउटा नाटक बनाई 1912 तिर प्रस्तुत गरे।'' – यो जानकारी कुन पुस्तकले दिएको हो ?

(1) पहिलो पहर। (2) दार्जिलिङमा नेपाली नाटकको अर्ध शताब्दी।

(3) नेपाली नाटकको इतिहास। (4) नेपाली एकाङ्की यात्रा।

**32.** 'तुलनात्मक साहित्य' को अवधारणा पारिभाषिक रूपमा सर्वप्रथम कसले प्रयोग गरेका हुन् ?

(1) महाकवि गेटे। (2) रवीन्द्रनाथ टेगोर। (3) म्याथ्यु आर्नोल्ड। (4) रेने वेलेक।

**33.** तुलनात्मक साहित्यका विषयमा लेखिएको पहिलो पुस्तक कुन हो ?

(1) एच एम पोस्नेटको 'कम्पारेटिव लिटरेचर'।

(2) लायोनेल ट्रिलिङको 'लिबरल इमाजिनेसन'।

(3) वेलेक र वारेनको 'थ्योरी अव् लिटरेचर'।

(4) इन्द्रनाथ चौधरीको 'तुलनात्मक साहित्य'।

**34.** लोकवार्तालाई लोकको भाषिक कला मान्ने अध्येता को हुन् ?

(1) विलियम थोम्स। (2) विलियम बास्कम। (3) थ्योडोर बेनफे। (4) जुलियस क्रोह्न।

**35.** लोकवार्ताको उद्‌भव प्राचीन उर्वरता अनुष्ठानहरूबाट भएको मान्ने लोकवार्ताविज्ञानी को हुन् ?

(1) ग्रिम दाजु-भाइ। (2) फ्रेडरिख म्याक्समुलर।

(3) जर्ज जेम्स फ्राजर। (4) स्टिथ थम्प्सन।

**36.** ''लेखनाथले आफ्नै किसिमका नेपाली कवितालाई अपूर्व पूर्णतामा पुऱ्याएका छन्।... तर बालकृष्ण शमसेर र लक्ष्मीप्रसादको कविताबाट यो कुरा देखिन्छ कि नेपाली साहित्य क्षेत्रमा त्यस्तो कुनै एक विशाल कुना थियो जो लेखनाथको दृष्टिमा परेको थिएन।'' – यस्तो मूल्याङ्कनपरक निष्कर्ष प्रस्तुत गर्ने समालोचक को हुन् ?

(1) रत्नध्वज जोशी। (2) यदुनाथ खनाल। (3) रामकृष्ण शर्मा। (4) वासुदेव त्रिपाठी।

37. काव्यमा शब्द र अर्थ दुवै अप्रधान रहन्छन्, खालि व्यापार मात्र प्रधान रहन्छ भन्ने धारणा कुन सम्प्रदायसित सम्बन्धित छ ?

(1) औचित्यवाद। (2) रीतिवाद। (3) वक्रोक्तिवाद। (4) ध्वनिवाद।

38. वाक्यका प्रमुख घटक के के हुन् ?

(1) शब्द र अर्थ। (2) प्रकृति र प्रत्यय।
(3) नामपदबन्ध र क्रियापदबन्ध। (4) मूल उपवाक्य र आश्रित उपवाक्य।

39. ''ऐले आउट अफ रेन्ज भन्छ, ऐले स्विच अफ भन्छ।'' रिसाएको लोग्नेलाई ''लाग्छ होला हौ, गर न'' भनी स्वास्नीले फेरि।''

यस उद्धरणमा कस्तो समाजभाषिक विशेषता पाइन्छ ?

(1) कोड अपसरण। (2) कोड मिश्रण। (3) भाषाद्वैत। (4) व्याकरणिक विच्युति।

40. 'तरुण-तपसी' मा अन्तर्निहित काव्याख्यानको प्रस्तोता को हो ?

(1) लेखनाथ पौड्याल। (2) तपसी।
(3) प्रथम पुरुष कथक। (4) तटस्थ वाह्य सर्वदर्शी कथक।

41. लेखनाथ पौड्यालरचित 'सत्यकलिसंवाद' कुन किसिमको काव्य हो ?

(1) महाकाव्य। (2) खण्डकाव्य। (3) कोषकाव्य। (4) स्तवनकाव्य।

42. 'माखरिङ्गकी भैंसी गोठाल्नी' र 'बर्मेली किसानपुत्री माटिनची' कुन कृतिका पात्र हुन् ?

(1) डाकबङ्गला। (2) जयमाया आफूमात्र लेखापानी आइपुगी।
(3) शिरीषको फूल। (4) मुलुकबाहिर।

43. शक्तिवल्लभ अर्ज्यालको 'महाभारत विराटपर्व' नेपाली भाषाको जेठो गद्याख्यान हो भनी ठोकुवा गर्ने व्यक्ति को हुन् ?

(1) मोहनप्रसाद खनाल। (2) शरद्चन्द्र शर्मा भट्टराई।
(3) बाबुराम भट्टराई। (4) योगी नरहरिनाथ।

44. भारतमा पहिलो नेपाली बाल पत्रिका 'हिमाल किशोर' कसको सम्पादनमा छापिएको थियो ?

(1) रविन्द्रकुमार मोक्तान। (2) राजनारायण प्रधान।
(3) वीरविक्रम गुरुङ। (4) देवकुमारी सिन्हा।

45. ''बिना ह्विस्कीले शान्ति औ चैन छैन

गिलासै बिना पर्व कोही हुँदैन।

ठूलालाई पक्री कहाँ ढुन्मुनायो

अनौठा जमाना नयाँ आज आयो।''

माथिका कवितांशका कवि को हुन्?

(1) लक्ष्मीप्रसाद देवकोटा। (2) केदारमान व्यथित।

(3) नीरविक्रम प्यासी। (4) पहिभक्त कटुवाल।

46. निम्न कृतिहरूमध्ये पहलमानसिंह स्वाँरले रचेको काव्य कुनचाहिँ हो?

(1) पुष्पवाणविलासकाव्यम्। (2) वेश्यावर्णन।

(3) विचित्ररत्न भण्डागार। (4) खोर रहस्य।

47. 'श्रीकृष्णको बाँसुरी' लेख्ने कवि को हुन्?

(1) रुद्रप्रसाद शर्मा ढकाल। (2) भीमनिधि तिवारी।

(3) माधवप्रसाद देवकोटा। (4) पूर्णप्रसाद ब्राह्मण।

48. तलका समूह - **'क'** र समूह - **'ख'** का नाटककार र तिनका नाटकहरूको क्रम मिलाएर सही उत्तर चिन्हित गर्नुहोस्।

| | **(क)** | | **(ख)** |
|---|---|---|---|
| (a) | बदरीनाथ भट्टराई | (i) | गङ्गालालको चिता |
| (b) | हृदयचन्द्रसिंह प्रधान | (ii) | नेपाली संस्कृति |
| (c) | गनुसिंह गुरुङ | (iii) | गलहत्ती |
| (d) | गोपालप्रसाद रिमाल | (iv) | मसिनेको शङ्का |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (iii) | (i) |
| (2) | (iii) | (i) | (iv) | (ii) |
| (3) | (iii) | (iv) | (ii) | (i) |
| (4) | (iv) | (i) | (ii) | (iii) |

49. ''यी केटीहरूलाई बुझ्न साह्रै गाहारो हुन्छ। म पनि एकचोटि एउटीको फन्दामा परिसकेको थिएँ। अँ''-त्यसले लामो सास तान्दै भन्यो।''

यो उद्धरण कहाँबाट लिइएको हो ?

(1) 'बितेका कुरा' कथा।
(2) 'गोर्खाको मोडेल' कथा।
(3) 'त्यस रात' कथा।
(4) 'सिपाही' कथा।

50. 'त्यसले' भनेर माथिको उद्धरणमा कसको कुरा गरिएको हो ?

(1) 'बितेका कुरा' को 'फुपाजु' पात्र।
(2) 'गोर्खाको मोडेल' को 'लिम्पू'।
(3) 'त्यस रात' कथाको 'म' पात्र।
(4) 'सिपाही' कथाको 'सिपाही' पात्र।

51. उपर्युक्त उद्धरणमा क्रियापदमा कालका कुन-कुन पक्षको प्रयोग छ ?

(1) पूर्ण भूत र सामान्य भूत।
(2) सामान्य वर्तमान र पूर्ण भूत।
(3) सन्दिग्ध वर्तमान र पूर्ण भूत।
(4) अपूर्ण वर्तमान र अज्ञात भूत।

52. 'भ्यागुर नारान', 'नासमझको गाँठो' र 'घोडचढी' जस्ता खण्डकाव्यका रचयिता को हुन् ?

(1) सामभक्त सुवेदी 'मुरारी'।
(2) कुलचन्द्र गौतम।
(3) लक्ष्मीप्रसाद देवकोटा।
(4) भीमनिधि तिवारी।

53. भौगोलिक र ऐतिहासिक सङ्केत-सन्दर्भ नै लोकवार्ता अध्ययनका कसी मान्ने जोडी को हुन् ?

(1) धर्मराज थापा र हंसपुरे सुवेदी।
(2) एन्टी आर्ने र स्टिथ थम्प्सन।
(3) जुलियस क्रोह्न र कार्ल क्रोह्न।
(4) हेडा ज्याक्सन र दिमित्री सेगल।

54. ''म त आजको मानिस होइन, व्यथितजी। म एक हजार वर्षपछि जन्मिने पृथ्वीको मानिस हुँ। मेरो जन्मकालमा राष्ट्रका परिधिहरू, विश्वासका परिधिहरू, धर्मका परिधिहरू, राजनीतिका परिधिहरू केही पनि हुने छैनन्।''

सञ्जीव उप्रेतीका दृष्टिमा उपर्युक्त गद्यांशमा शङ्कर लामिछानेको कस्तो विचार व्यक्त भएको छ ?

(1) युटोपियन।
(2) सर्रियालिस्टिक।
(3) एक्सप्रेसनिस्टिक।
(4) रियलिस्टिक।

55. ''रायो लट्टे भिंडि कोइरालो र बन्दा।

सर्सिउ टुसा भ्याकुरो ठोट्ने भण्टा।।

अम्बा, दारिम आरू, आप, अमला, आरु बखाडा कसुर।

केरा, काफल, कालिज्यामिर कदम् अभ्रख, अमारो, बयर।।''

साग-सब्जी, फलफूल आदिका नाउँ राखेर पद्य रचना गर्ने कवि को हुन्?

(1) राजीवलोचन। (2) तेजबहादुर राना। (3) तीर्थराज पाण्डे। (4) मोतीराम भट्ट।

56. ''मानिस तैले उठ्नै पर्छ, दु:ख संकट भोग्नै पर्छ

युगको उर्दी माने पो ता मानिस यो मानिस बन्छ।''

माथिको कवितांशका कवि को हुन्?

(1) सिद्धिचरण श्रेष्ठ। (2) लक्ष्मीप्रसाद देवकोटा।

(3) बालकृष्ण सम। (4) युद्धप्रसाद मिश्र।

57. ''यो सानो उपन्यासमा शृङ्गाररसको एक थोपो नहोला अथवा दार्शनिक तत्त्व पनि नहोला, परन्तु मानवताको एउटा धमिलो चित्र त यसले अवश्य दिन सक्ला भन्ने लागेको छ।''

यो कुन लेखकले कुन पुस्तकका बारेमा व्यक्त गरेको मन्तव्य हो?

(1) रुद्रराज पाण्डेले 'रूपमति' का बारेमा।

(2) विष्णुचरण श्रेष्ठले 'सुमति' का बारेमा।

(3) लैनसिंह बाङ्देलले 'लङ्गडाको साथी' का बारेमा।

(4) इन्द्र सुन्दासले 'नियति' का बारेमा।

58. भाषामा रचनात्मकताका कारणले वाक्यभित्र वाक्य रचना गर्न सकिने गुणलाई के भनिन्छ?

(1) पुन:पौन्यमूलक। (2) यादृच्छिकता।

(3) रूपरचना र शब्दरचनाको व्यवस्था। (4) समानान्तरता।

59. म्याक्समुलरले केलाई भाषाको साबिक रोग भन्ने संज्ञा दिए ?

(1) शब्दका अर्थमा अनेक रूपता र अर्थमा अस्थिरता।

(2) शब्द र अर्थ माझ सम्बन्धको अनित्यता।

(3) भाषाको खुल्ला संरचना।

(4) व्याकरणिक नियमादिको असीमितता।

60. ''उता यौटा ढाक्रे चरम गिरिभन्दा तल झरे
यता त्यो चौकीको वरपर हजारौं अगि सरे।
चुह्ला लाये, आगो सबतिर जगाये पिलिपिलि
जुटाये बत्तीको घडिभर त मानूँ झिलिमिलि।''

यस पद्यमा 'उता यौटा ढाक्रे' भनेर कुन ढाक्रेतिर औंल्याइएको हो ?

(1) रुखमुनि बिसाउन बसेको कुनै एउटा अज्ञात ढाक्रे।

(2) परब्रह्म।

(3) अस्ताचलमा डुब्दो सूर्य।

(4) रुखमुनि निदाएको कवि-पात्र।

61. 'बुहारी-शिक्षा' लेख्ने कवि को हुन् ?

(1) रामभद्र कवि। (2) वीरशाली पन्त। (3) रघुनाथ भट्ट। (4) तेजबहादुर राना।

62. ''मोरीहरू दिनहुँ मलाई गिज्याउँथे-बेहुला आयो! बेहुला आयो! बाटो छोड।'' कोही भन्थे-आय्यु नेपालको राजा!''

यस उक्तिको साङ्केतित अर्थ के हो ?

(1) बिहेका दिन बेहुलालाई राजा बराबर मानिएको।

(2) घोडामा चढेको हुनाले बेहुला राजाझैं देखियो भनिएको।

(3) दौरा-सुरुवाल लगाएको व्यक्तिलाई नेपालको राजा भनेर जिस्क्याइएको।

(4) बेहुलाचाहिँ नआएर घोडा मात्र राजाझैं ठाँटका साथ आयो भनिएको।

63. ''जन्म भयो आसाममा, अब मर्ने पनि यहीं नै हो। मेरा पूर्वजहरूको देश स्वाधीन छ तर मैले नेपाल देखेको पनि छैन। तसर्थ म भारतको मुक्ति-आन्दोलनबाट अलग्गै भएर बस्न सक्दिनँ।''

यो मन्तव्य कसको हो ?

(1) मणिसिंह गुरुङ।
(2) छविलाल उपाध्याय।
(3) हरिप्रसाद गोर्खा राई।
(4) विष्णुलाल उपाध्याय।

64. ''मान्छेका मस्तिष्कका तह-तह मान्छेको अवचेतना मनका केस्रा-केस्रा र समाजका गल्ली रछान अनि प्रकृतिका कुना काप्चाका साथै अन्तर्राष्ट्रियताका जडत्व, कुण्ठा र संत्रास ओसार्दै विगत दशकको नेपाली कविताको स्वर सुसाएको छ।''

माथिको विचार कुन विद्वान्‌ले व्यक्त गरेका हुन् ?

(1) वासुदेव त्रिपाठीले आधुनिक कविताका प्रवृत्तिका सन्दर्भमा।
(2) इन्द्रबहादुर राईले आयामिक कविताका सन्दर्भमा।
(3) ताना सर्माले भानुभक्तका कविताका सन्दर्भमा।
(4) चूडामणि बन्धुले साझा कविताको सम्पादकीय टिप्पणीमा।

''किन हुँदिन संशयग्रस्त

कि कुनै गुप्त मन्त्रणा पनि हुनसक्छ

दुष्यन्तको विस्मरण

र दुर्वासाको अभिशापमा ?''

65. यस कवितांशमा कस्तो सन्देश अभिव्यङ्ग्य छ ?

(1) लैङ्गिक षड्यन्त्रको सङ्केत।
(2) नारीको पराश्रय प्रेम।
(3) यथार्थको मिथकीकरण।
(4) सामाजिक किनारीकरण।

66. माथिको कवितांशमा रहेको 'हुँदिन' शब्दले कसतर्फ सङ्केत गरेको छ ?

(1) कवि।
(2) कथक।
(3) शकुन्तला।
(4) मेनका।

67. माथिको कवितांशमा कसको कविताबाट लिइएको हो ?

(1) लक्ष्मीप्रसाद देवकोटा।
(2) गोपालप्रसाद रिमाल।
(3) पदम क्षेत्री।
(4) विजय मल्ल।

68. ''उडी हिँड्ने वटरफ्लाइको वाटर मनि छाया।
जस्तो तिमीलाई वाटर तिर्खा उस्तै मलाई माया।।''
प्रस्तुत क्वाँटीभाषे स्फुट पद्यका रचनाकार को हुन्?
(1) शम्भुप्रसाद ढुङ्गेल। (2) मोतीराम भट्ट।
(3) हाजीरमान राई। (4) लक्ष्मीदत्त पन्त।

69. लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य 'मायाविनी सर्सी' लाई 'एक ग्रेसियन आत्मविलास' भन्ने समालोचक को हुन्?
(1) अभि सुवेदी। (2) चूडामणि बन्धु।
(3) कुमारबहादुर जोशी। (4) नित्यराज पाण्डे।

70. प्राथमिककालीन नेपाली साहित्यका अचर्चित, लुप्तप्राय: र अप्राप्य कृतिहरूबारे प्रकाश पार्ने 'गल्लीमा फ्याँकिएका कसिङ्गर' शीर्षक पुस्तकका सङ्कलकद्वय को हुन्?
(1) योगी नरहरिनाथ र शङ्करमान राजवंशी।
(2) भोलानाथ पौडेल र धनवज्र वज्राचार्य।
(3) बाबुराम आचार्य र बालकृष्ण पोखरेल।
(4) कमल दीक्षित र पूर्णप्रकाश नेपाल।

71. 'साहित्यिक त्रिकोण सिद्धान्त' र 'चुम्बकीय मूल्य सम्प्रेषण सिद्धान्त' कुन साहित्यिक आन्दोलनका प्रमुख मान्यता हुन्?
(1) तरलतावाद। (2) शून्यवाद। (3) भोककविता। (4) लीलालेखन।

72. वामनले भामहको तीन गुण मान्ने सिद्धान्त अस्वीकार गरेर कतिवटा गुणको सिद्धान्त प्रस्तुत गरेका छन्?
(1) दुई। (2) दस। (3) बाह्र। (4) पाँच।

73. ''म आफ्नो नियन्त्रणमा थिइँन, स्थिति छुट्ट्याउनसक्ने सामर्थ्य ममा थिएन, म सर्वाङ्ग कामिरहेको थिएँ। आवेशमा आएर मैले उसको सेतो गर्धन अँठ्याएर उसको कमलो ओठमा म्वाइ खाइदिएँ र आत्मतृप्तिको अनुभव गर्नै नपाई मलाई मोहले छोड्यो।''
आफ्नो यस्तो अनुभव बताउने कुन उपन्यासको कुन पात्र हो?
(1) 'अनुराधा' उपन्यासको कोमलमान। (2) 'सुम्निमा' उपन्यासको सोमदत्त।
(3) 'शिरीषको फूल' उपन्यासको सुयोगवीर। (4) 'तीन घुम्ती' उपन्यासको पीताम्बर।

**74.** नेपाली साहित्यको मध्यकालका कुन कविले 'कविताको सराजाम' लेखेका हुन् ?

(1) राजीवलोचन जोशी। (2) छविलाल नेपाल।

(3) मोतीराम भट्ट। (4) शम्भुप्रसाद ढुङ्गेल।

**75.** ''म ता संसारमा डुली-डुली रमिता हेर्न आएको। मलाई भगवान्ले उनको घरसौदा किनाउनलाई यहाँ पठाएका होइनन्।... मलाई ता रमिता हेर्न पठाएको हो। जीवनरूपी सडकमा धुम्धुम्ती पैदलै हिँड्दा जे देख्छु त्यस्तै लेख्छु।''

माथिको गद्यांश कुन निबन्धकारको कुन निबन्धबाट निकालिएको हो ?

(1) लक्ष्मीप्रसाद देवकोटाको 'कल्पना' निबन्ध।

(2) हृदयचन्द्रसिंह प्रधानको 'सोझा' निबन्ध।

(3) शङ्कर लामिछानेको 'शङ्कर लामिछाने शङ्कर लामिछानेकै दृष्टिमा' निबन्ध।

(4) रामलाल अधिकारीको 'मेरो सिद्धान्तविहीन सिद्धान्त' निबन्ध।

- o 0 o -

**Space For Rough Work**